# कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक २०५५ को विश्लेषण
# (Analysis of Nepali Language Textbook 2055 for Class Ten)

शोभाकुमारी फुयाल[१]

*लेखसार*

*प्रस्तुत लेख भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणमा आधारित रहेको छ । यस लेखमा कक्षा दशको २०५५ को नेपाली भाषा पाठ्यपुस्तकको विशेषताको अध्ययन विश्लेषण गरी सबल र दुर्बल पक्ष पत्ता लगाइ सुझाव दिनु मूलभूत उद्देश्य रहेको छ । यो अध्ययन मूलतः वर्णनात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीय स्रोत विधि अपनाइएको छ । यस लेखमा प्रयोग भएका मुख्य विधिहरूमा पाठ्यक्रमअनुरुपता र पुस्तकालय अध्ययन विधि रहेका छन् । यस क्रममा मुख्यतः विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचना तथा पाठ्यपुस्तकबाट अनुसन्धान विषयसँग सम्बद्ध पूर्वकार्यहरू, सन्दर्भ पुस्तक लेख प्रतिवेदन आदिमा प्रकाशित लगायतका सामग्री उपयोग गरिएको छ ।  यस भाषा पाठ्यपुस्तकमा सम्बन्धित उद्देश्यलाई आधार मानेर तयार पारिएको भए तापनि लेखाइ सिपलाई बढी जोड दिइएको पाइन्छ । पाठ्यपुस्तक निर्माण गर्दा छनोट र स्तरणको नियमलाई ध्यानदिनुपर्ने देखिन्छ । प्रस्तुत अध्ययनले भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न चाहने भाषाविज्ञ, भाषाका विद्यार्थी, भाषा पाठ्यपुस्तक निर्माण गर्ने संस्थालाई समेत उपयोगी हुने विश्वास लिइएको छ ।*

**मुख्य शब्दावली**ः भाषा पाठ्यपुस्तक, पाठ्यक्रम, आन्तरिक पक्ष, बाह्य पक्ष, भाषिक सिप

## पृष्ठभूमि

नेपाली भाषा संसारका अनेकौं भाषाहरू जस्तै विकसित र समृद्ध भाषा हो । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाली भाषाका वक्ता सङ्ख्या ४४.६ प्रतिशत रहेका छन् तर यसको विकास र विस्तार भने एकैपटक भएको होइन । यसका लागि नेपाली भाषाले विभिन्न कालखण्ड र समयावधि पार गर्दै आएको छ । खासमा नेपालको दुर्गम जिल्ला हुम्लाको सिंजा भन्ने एउटा ठाउँ र क्षेत्रबाट इशाको एघारौं शताब्दीमा प्रार्दुभाव भएको नेपाली भाषाको स्वरुप विभिन्न ताम्रपत्र, शिलालेख, कनकपत्र जस्ता ग्रन्थहरूबाट भएको पाइन्छ । विस्तारै माध्यमिक कालको सुरुवात पश्चात् वि.सं.१८३३ को भानुभक्तको हितोपदेश, मित्रलाभ, वि.सं. १८५५ को शक्ति बल्लभद्वारा रचित हाँस्य कदम्व ग्रन्थ र वि.सं. १९४८ को मोतिराम भट्टद्वारा लिखित भानुभक्तको जीवन चरित्र ग्रन्थबाट नेपाली भाषाले बामेसर्ने मौका पाएको अभिलेखहरूमा उल्लेख छ ।

यसैगरी वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनदेखि नेपाली भाषाले आधुनिकता प्राप्त गर्दछ तत्पश्चात् नेपाली भाषामा विभिन्न पत्रपत्रिकाहरू साथै धेरै क्षेत्रमा नवीनतम साहित्य सिर्जना गर्दै नेपालभित्र र नेपाल

१ नेपाली विषयकी प्रशिक्षक, नेपाल खुला विश्वविद्यालय, ललितपुर, नेपाल, ईमेलः shova.phuyal@gmail.com

बाहिरका मुलुकहरू खासगरी भारत, भुटान, बर्मा आदिमा यो भाषाले फैँजिने अवसर पायो । नेपाली भाषी भुटानीहरूले काशी र काशी आसापासका क्षेत्रहरूमा गएर शिक्षा ग्रहण गर्ने प्रक्रियाले भुटानमा नेपाली भाषा र साहित्यको विकास भएको पाइन्छ । साथै कतिपय सरकारी कागजातहरू नेपाली भाषामा नै चलाइन्थ्यो र सरकारी ऐन र प्रतिवेदनहरू नेपालीमै रूपान्तरण गरेर प्रकाशित भएको पनि पाइन्छ । त्यसैगरी नेपाली भाषाले राष्ट्रभाषामा कानुनी मान्यता पाउनका साथै साझा सम्पर्क भाषा, शिक्षा, प्रशासन तथा प्रकाशनको माध्यम भाषा, ज्ञानविज्ञान, साहित्य र व्याकरण आदिमा विकास हुँदै आजको अवस्थासम्म आइपुगेको देखिन्छ ।

नेपाली भाषाको विकासक्रमलाई हेर्दा संस्थागत रुपमा पठनपाठन गराउन वि.सं. १९५८ मा जयपृथ्वीबहादुर सिंहले लेखेको 'अक्षरांङ्क शिक्षा' नामको पाठ्यपुस्तक तयार गरेपछि भएको पाइन्छ। वि.सं. १९९० मा गोर्खाभाषा प्रकाशिनी समितिको स्थापनापछि भाषा पाठशालाका लागि शिशुबोधिनी, गोरखा शिक्षा जस्ता पाठ्यपुस्तकहरू प्रकाशन गरेपछि भाषा पाठ्यपुस्तकका रुपमा नेपाली भाषालाई समावेश गरेर अगाडि बढेको पाइन्छ ।

वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापना पछि माध्यमिक स्तरमा पनि नेपाली भाषा पाठ्यपुस्तकले ऐच्छिक विषयमा औपचारिक रुपमा समावेश भएर अध्ययन अध्यापनमा सहयोग पुऱ्यायो । वि.सं.२००८ मा पचास पूर्णाङ्कको अनिवार्य नेपाली माध्यमिक तहमा समावेश गरियो । त्यसपछि समय सापेक्ष रुपमा नेपाली भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा परिवर्तन हुँदै आएको छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याएको छ । माध्यमिक तहमा सय पूर्णाङ्कको अनिवार्य नेपालीको पाठ्यपुस्तक हुनुपर्ने साथै देशभरिका विद्यालयहरूमा एउटै पाठ्यक्रम लागू हुनुपर्ने व्यवस्था गरेको थियो। वि.सं. २०३८ मा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा भएको परिवर्तनले सुधारतर्फ पाइला चालेको थियो । यसै क्रममा राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय शिक्षा आयोग २०५५ का प्रतिवेदनहरूअनुसार माध्यमिक तहमा नयाँ पाठ्यक्रम आयो र त्यही पाठ्यक्रमका आधारमा कक्षा दशको नेपाली भाषाको पाठ्यपुस्तक निर्माण भयो । पाठ्यपुस्तक निर्माणमा नेपाल सरकारले स्वीकृत गरेका पाठ्यक्रमअनुसार नियमानुसारको प्रक्रिया पूरा गरी शिक्षा नियमावली २०५९ को नियम ३४ अनुसार पाठ्यक्रम विकास केन्द्रले विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तकको एकप्रति तयार गर्नुपर्छ । यस व्यवस्थाअनुसार केन्द्रले तयार गरेको PCR (Print Ready Copy) जनक शिक्षा सामग्री केन्द्रमा मुद्रण गरिन्छ र देश भरिका विद्यालयमा वितरण गरिन्छ । देशमा भएका विभिन्न चरणका राजनैतिक परिवर्तनले शिक्षा क्षेत्रमा पनि प्रभाव पार्ने र त्यसैअनुसार पाठ्यक्रमहरू निर्माण हुने र सोही अनुरुप पाठ्यपुस्तक कार्यान्वयनमा आउने गरेका छन् ।

भाषा शिक्षण कार्यकलापमा भाषा पाठ्यपुस्तकको अत्यन्तै ठूलो महत्व छ, किनकि भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देशन गरेका भाषिक उद्देश्यहरू उपयुक्त ढंगले राखिएका छन कि छैनन भन्ने कुरा विचार गर्नु आवश्यक छ । यो अनुसन्धानमूलक लेखमा कक्षा दशको २०५५ को नेपाली भाषा विषयको पाठ्यपुस्तकमा उल्लेख भए बमोजिम भाषा शिक्षण गराउने शिक्षकले उपयुक्त विधि अपनाइ भाषा शिक्षण गर्नु सहज वा अप्ठ्यारो के छ ? यस पाठ्यपुस्तक सम्बन्धित उद्देश्यलाई आधार मानेर तयार पारिएको छ छैन ? पाठ्यपुस्तकको आवरण, कागज, बनोट, मूल्य, अक्षर भाषाशैली आदिका दृष्टिले उक्त पाठ्यपुस्तक उपयुक्त छ छैन ? साथै शब्दभण्डार, विषयबस्तु र संरचना, भाषाशैली रुचि आवश्यकताका आधारमा छन् छैनन् आदि पक्षहरूको अध्ययन गरी निष्कर्ष समेत दिइएको छ । यस अनुसन्धानमूलक लेख उद्देश्यकै सेरोफेरोमा रहेर तयार पारिएको छ ।

कक्षा दशको २०५५को पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरुपताका आधारमा भाषिक सिप विकासको अवस्था बारे विश्लेषण गरिएको छ। उक्त भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको विश्लेषण गरिएको साथै यस पाठ्यपुस्तकमा भएका सबल र दुर्वल पक्षहरूको विश्लेषण गरी सुझाव दिइएको छ। यस अनुसन्धानमूलक लेखले कक्षा १० को वर्तमान नेपाली भाषा पाठ्यपुस्तक लेखक भाषाविज्ञ, भाषाका विद्यार्थी, भाषा पाठ्यपुस्तक निर्माण गर्ने संस्थालाई समेत फाइदा पुग्नेछ।

**पूर्वकार्यको समीक्षा**

भाषा एउटा व्यवस्था हो। (ढकाल, २०५७)। यसमा सीमित वर्ग र अक्षरहरूबाट असीमित शब्द र वाक्यहरू निर्माण गर्न सकिन्छ। भाषाका माध्यमबाट पाठ्यपुस्तकहरू निर्माण हुन्छन्। तसर्थ कुनै भाषा सिक्नका लागि त्यसका आधारभूत कुराहरू सिकेपछि मात्र त्यस भाषामा शिक्षण कार्य अगाडि बढाउनु आवश्यक हुन्छ। कुनै भाषामा दक्षता प्राप्त गरेपछि मात्र त्यस्तो व्यक्तिले सम्बन्धित भाषामा शिक्षण गर्न सक्छ। त्यसैले पाठ्यक्रम र पाठ्यपुस्तकको समय समयमा अध्ययन विश्लेषण गरिनुपर्छ। साथै कुनै पनि कार्य प्रारम्भ गर्नु अगाडि सम्बन्धित क्षेत्रमा भएका कामहरूका बारेमा अध्ययन गर्नु आवश्यक छ।

जेन्स लिटन (सन् १९८९)द्वारा प्राइमरी करिकुलम डेभलपमेन्ट एण्ड डिसिमिनेसन एन्ड टेक्स बुक रिभिजन शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक तहमा प्रचलित पाठ्यपुस्तकहरूको चर्चा गरिएको छ। यी पाठ्यपुस्तकहरूमा छनोट र स्तरणको ख्याल नगरिएको भन्ने निष्कर्ष निकालिएको छ। दि बेसिक एन्ड प्राइमरी मास्टर प्लान (१९९१-२०००) को 'टेक्स्ट बुक एन्ड अदर मटरिएल्स' शीर्षकमा वर्तमान नेपाली भाषाका पाठ्यपुस्तकहरूको समेत समीक्षा गरिएको छ। समीक्षाका क्रममा नयाँ शब्दहरूको पाठगत वितरण एक रुपमा नभएको, अमूर्त लामा र अप्रचलित शब्दहरू प्रयोग भएका पाठहरू स्तरअनुसार नभएका जस्ता कमजोर पक्षहरू औल्याइएको छ। (इन्साइक्लोपेडिया अफ एजुकेशन इन साउथ एसिया, सन् २००१)।

प्राप्त सामग्रीका आधारमा हेर्दा भाषा शिक्षणका क्रममा भाषा पाठ्यपुस्तकका बारेमा अध्ययन गर्न थालिएको अवस्था सन् १९७० मा हो। यो अध्ययन भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान प्रशिक्षण केन्द्र (NCER) द्वारा सम्पन्न भएको हो। उक्त अध्ययन 'प्रिपरेसन अफ इभ्यालुएसन अफ टेक्स्ट बुक्स इन मदर टङ' विषयमा गरिएको छ। यस अध्ययनले भाषा पाठ्यपुस्तक तयार कसरी गर्नुपर्छ भन्ने सैद्धान्तिक धारणालाई अगाडि ल्याइएको छ।

त्यस्तै नेपालका सन्दर्भमा पनि प्राप्त सामग्रीलाई हेर्दा अधिकारी हेमाङ्गराजले त्रिभुवन विश्वविद्यालय नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन (२०३४) मा एउटा कार्यपत्र प्रस्तुत गरेको देखिन्छ। उनले सो पत्रमा माध्यमिक तहको नेपाली भाषा शिक्षणको र पाठ्यवस्तुको समीक्षा भन्ने उपशीर्षक राखी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तकहरूमा रहेका विधा र भाषातत्त्वको सङ्क्षिप्त चर्चा गरेका छन्। त्यसरी नै ' प्रारम्भिक नेपाली शिक्षण' वि.स.२०५४ भन्ने पाठ्यपुस्तकमा अधिकारी हेमाङ्गराज र शर्मा केदारप्रसादले नेपाली भाषा शिक्षण विधि उल्लेख गर्नाका साथै उक्त पुस्तकको परिशिष्टमा नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दै पाठ्यपुस्तक अध्ययनको पद्धतिको ढाँचा समेत दिएको छ। पौडेल गंगाराम, २०५४ मा आफ्नो स्नातकोत्तर शोधग्रन्थ माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तक कक्षा (९ र १०) मा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अभ्यासमा शब्दवर्गमा असन्तुलन भएको, उपसर्ग र प्रत्यय बढी मात्रामा भएको निष्कर्ष निकालिएको छ। कोइराला दृष्टि, २०५९ ले कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन गरेकी छन्। उनले पाठ्यक्रमको उद्देश्य अनुरुप पाठ्यसामाग्रीहरू भएको, चित्रको उपयुक्त प्रयोग

भएको, शिक्षकलाई निर्देशन दिइएको पृष्ठको सजावट र बँधाइ उपयुक्त भएको निष्कर्ष निकालेकी छिन र विधागत रुपले उपयुक्त विषयवस्तुको दृष्टिले खेलकुद र चाडपर्व सम्बन्धी विषयहरू थपिनुपर्ने तथा केही शब्दहरू परिमार्जन गर्नु पर्ने सुझाव दिएकी छिन् । के.सी राजकुमारले आफ्नो स्नातकोत्तर शोधग्रन्थमा कक्षा नौ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरेका छन् । यस पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्ष पाठ्यक्रमका विशेषताका आधारमा पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू लामा भएका, भाषाशैली कठिन भएको निष्कर्ष निकालिएको छ । यस्ता पूर्वकार्यका अध्ययनबाट यो लेख तयार पार्नको लागि धेरै सहयोग भएको छ ।

## अध्ययन विधि

यस अनुसन्धानमूलक लेख वर्णनात्मक अनुसन्धान विधिमा आधारित रहेको छ। यस लेखलाई विश्वसनीय, वैध, सत्य र अर्थपूर्ण बनाउनका लागि तथ्याङ्क सामग्री सङ्कलनको रूपमा प्राथमिक स्रोत अन्तर्गत नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित माध्यमिक तहको २०५५ को कक्षा १० को नेपाली पाठ्यपुस्तकलाई लिइएको छ। त्यस्तै द्वितीय स्रोतका रुपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचना तथा अनुसन्धान विषयसँग सम्बद्ध पूर्वकार्यहरू, सन्दर्भ पुस्तक आदि प्रयोग गरिएको छ। यस लेखमा पुस्तकालयीय अध्ययन विधि र पाठ्यक्रमअनुरूपता अध्ययन विधिको प्रयोग गरिएको छ। यस क्रममा कक्षा दशको २०५५ को नेपाली भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको बिश्लेषण गरिएको छ। यसका सबल र दुर्बल पक्ष र भाषिक सिप विकास सम्बन्धि विश्लेषण गरिएको छ।

## भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण

### पाठ्यक्रमका उद्देश्यअनुरुपताका आधारमा विश्लेषणः

कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिएको हुन्छ। त्यसैले भाषा पाठ्यपुस्तक अध्ययन गर्दा पाठ्यक्रमअनुरुपताको स्थितिलाई केलाउनुपर्ने हुन्छ। तसर्थ पाठ्यक्रमअनुसार पाठ्यपुस्तकमा पाठहरू राखेर मात्र विद्यार्थीहरूलाई निश्चित मार्गदर्शन गर्न सकिन्छ। देशको राष्ट्रिय आवश्यकताअनुरुप पाठ्यक्रम निर्माण एउटै नभएर अर्कोतिर भएमा राष्ट्रको लगानी नै डुब्ने हुनाले उद्देश्यअनुरुप साधनको निर्माण गर्नु आवश्यक छ।

### भाषिक सिप विकास सम्बन्धी विश्लेषणः

भाषा पाठ्यपुस्तक व्यवस्थित र सङ्गठित रुपमा प्रकाशित हुनुपर्छ। यसले पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्ने राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनले सिफारिस गरेअनुसार समय सापेक्ष तथा भाषिक सिपमा दक्षता हासिल गर्ने उद्देश्य राखी यो पाठ्यक्रम तयार भएको देखिन्छ।

### सुनाइ र बोलाइ सिपको विकासः

माध्यमिक तहको पाठ्यक्रमको सुनाइ र बोलाइ सिपका उद्देश्यलाई एकै ठाउँमा राखिएको छ। यसमा जम्मा ८ वटा उद्देश्यहरू छन् । यी सिपहरूले नेपाली भाषा शिक्षणलाई प्रभावकारी एवम् व्यावहारिक बनाई भाषिक दक्षता अभिबृद्धि गर्नाका साथै बोध र अभिव्यक्ति क्षमताको विकास गराउँछ। यसरी सुनाइ र बोलाइ सिपको विकास परिपूर्ति गर्न २०५५ को नेपाली पाठ्यपुस्तकमा रुपक, कथा, प्रबन्ध, निबन्ध, जीवनी लगायतका विधाहरूलाई समावेश गरिएको छ। यी विधाहरूमा रूपक विधा अन्तर्गत् काम खोज्दै जाँदा '(मनोवाद)', भाग्यभन्दा परिश्रम

ठूलो (वादविवाद) राखिएको छ । कथा विधा अन्तर्गत 'भविष्य निर्माण', 'न्यायको पक्ष' गरी दुई पाठ राखिएका छन् । प्रबन्ध विधा अन्तर्गत 'यन्त्रमानव', मिथिला चित्रकला', 'मौरीपलान' राखिएका छन् । त्यस्तै जीवनी विधा अन्तर्गत् जयपृथ्वी बहादुर सिंहु, 'चार्स डार्बिन', 'इमानसिंह चेम्जोङ्ग' र 'नेल्सन मन्डेला' समाविष्ट छन् । यी विधाहरूको शिक्षणबाट विद्यार्थीहरूलाई सुनाइ र बोलाइ सिपको विकास गरी उद्देश्य पूर्तिमा महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । यस्ता सिप हासिल गर्न प्रशस्त अभ्यासको समेत आवश्यकता पर्ने हुँदा पाठ्यपुस्तकमा विभिन्न सुनाइ बोलाइका अभ्यासहरू समावेश गरिएको छ । जस्तैः अनुच्छेद सुनी तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् (पृष्ठ नं. १२, २३, २४, ४१, ५८, ६८, ८८, ९५, १२९, ३०, १३७), छलफल गर्नुहोस्मा (पृष्ठ नं. ८२), तर्क लेख्नुहोस् (पृष्ठ नं.८२), सुनाउनुहोस् (पृष्ठ नं.८२), अर्थ भन्नुहोस् (पृष्ठ नं.८९, १३७) वाक्य भन्नुहोस् (पृष्ठ नं.९६), आशय भन्नुहोस् (पृष्ठ नं.११६), श्रुतिलेखन गर्नुहोस् (पृष्ठ नं.१४१) आदि हुन ।

**पढाइ सिपको विकास**

पढाइ सिपले विभिन्न भाषिक क्षमता र सिपको विकासमा पनि प्रशस्त मद्दत पुऱ्याउँछ । भिन्न भिन्न प्रयोजनका लागि विभिन्न सामग्री पढ्ने बानी बसाल्दै लैजानाले पढाइको गति र बोध क्षमताको विकासमा सहयोग पुऱ्याउँछ। त्यसैले पढाइ सिप विकासका लागि २०५५ को पाठ्यक्रमले दश वटा पढाइ सिपका उद्देश्यहरू तोकेको छ। यी उद्देश्य पूर्ति गर्नको लागि पाठ्यपुस्तकमा जीवनी, निबन्ध, प्रवन्ध, कथा, कविता विधाहरू अघि सारिएका छन् । पढाइ सिपको विकास गर्नका लागि जीवनी विधा अन्तर्गत् जयपृथ्वीबहादुर सिंहु चार्स डार्बिनु इमानसिंह चेम्जोङ्ग र नेल्सन मन्डेलाु छन् भने निबन्ध/प्रबन्धमा 'यन्त्रमानव', 'मिथिला चित्रकला', र ' मौरीपालन' छन् । यसै गरी कथामा 'न्यायको पक्ष', 'भविष्य निर्माण' छन भने कवितामा 'इच्छा' र सहिदहरूको सम्झनामाु रहेका छन् । पढाइ सिप विकास गर्नका लागि पाठका नमुना अभ्यासहरूमा लय हालेर वाचन गर्नुहोस् (पृष्ठ नं.४, १३७), शुद्ध उच्चारण गर्नुहोस् (पृष्ठ नं.४, १२, २४, ३३, ४१, ५८, ६९, ८८, ८९, ९६, १०७, ११५, १३७) मौनवाचन गर्नुहोस् (पृष्ठ नं. ४१) सस्वर वाचन गर्नुहोस् (पृष्ठ नं. ४२, ५९, ८९, ९६, ११६, १२५) र अनुच्छेद पढी प्रश्नको उत्तर दिनुहोस् (पृष्ठ नं. ९६ र १०७ ) आदि छन् ।

**लेखाइ सिपको विकास**

लेखाइ सिप अभिव्यक्तिको एक माध्यम हो । लेखाइका माध्यमद्वारा नै कतिपय भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गरिन्छ। यस पाठ्यपुस्तकका सबै विधाका नमुना अभ्यासहरूले लेखाइ सिप विकासमा सहयोग पुऱ्याएका छन् । विधाहरूमा कविता विधा अन्तर्गत 'इच्छा' र 'सहिदहरूको सम्झनामा' पाठका (पृष्ठ सं. ४, ५ अभ्यास ९, १० पृष्ठ १३७, १३८, १४० अभ्यास ५, ६, ७, १०, ११, १२, १३), सप्रसङ्ग व्याख्या गर्नुहोस (पृष्ठ सं. ४, १३७ अभ्यास ९, १०, ११) विवेचनात्मक उत्तर दिनुहोस् .(पृष्ठ सं.५, १३८, अभ्यास १०, १२), कथा विधा अन्तर्गत 'न्यायको पक्ष' र 'भविष्य निर्माण' पाठ रहेका छन् । सप्रसङ्ग व्याख्या गर्नुहोस् (पृष्ठ सं. ४२, १३, ६९, अभ्यास १२, १३, ८), विवेचनात्मक उत्तर दिनुहोस (पृष्ठ सं. ४२, ३९ अभ्यास १४, ९), सिर्जनात्मक अभ्यास (पृष्ठ सं. ४२, ६९, १६ अभ्यास १६, १०) छन् । प्रवन्ध विधा अन्तर्गत यन्त्रमानव, मिथिला चित्रकला, मौरीपालन पाठ रहेका छन् । वाक्यमा प्रयोग गर्नुहोस्, सप्रसङ्ग व्याख्या गर्नुहोस् । सङ्क्षिप्त उत्तर दिनुहोस्, विवेचनात्मक उत्तर लेख्नुहोस्, सिर्जनात्मक अभ्यास (पृष्ठ सं.४२, अभ्यास ११, १२, १३, १४, १६, पृष्ठ सं. ८९ अभ्यास १०, ११, १२, १३, पृष्ठ सं. ११७ अभ्यास १०, ११, १२, १३ ), जीवनी विधा अन्तर्गत जयपृथ्वीबहादुर सिंह, चार्स डार्विन, इमानसिंह चेमजोङ, नेल्सन

मन्डेला रहेका छन् । वाक्यमा प्रयोग गर्नुहोस्, बुँदा टिपोट, सङ्क्षिप्त उत्तर दिनुहोस्, सप्रसङ्ग व्याख्या गर्नुहोस्, विवेचनात्मक उत्तर दिनुहोस्, सिर्जनात्मक अभ्यास (पृष्ठ सं. २४, २५, ५९, ६०, ९६, ९७, १२९, १३० अभ्यास ५, ६, ७, ८, ९, १०, ११, १२ अभ्यास ८, ९, १०, ११, १२, १३ अभ्यास ४, ५, ८, ९, १०, ११, १२ अभ्यास ५, ८, ९, १०, ११) रहेका छन । चिठी विधा एउटा छ । यस विधाबाट लेखाइ सिप विकासका लागि निम्न नमुना अभ्यास राखिएको छ (पृष्ठ सं. ४८, ४९ अभ्यास १, २, ३), रूपक विधा अन्तर्गत 'काम खोज्दै जाँदा' (मनोवाद), भाग्यभन्दा परिश्रम ठूलो (वादविवाद) र अपाङ्गहरूप्रति हाम्रो दायित्व (वक्तृत्व) राखिएको छ (पृष्ठ सं. ३३, ८२, १०५ अभ्यास २, ४, ५, ७) ।

### आन्तरिक र बाह्य आधारमा पाठ्पुस्तकको विश्लेषण

कुनैपनि भाषा पाठ्यपुस्तकको विश्लेषणमा दुईवटा पक्षहरू महत्त्वपूर्ण हुन्छन । (१) भौतिक वा बाह्य पक्ष र (२) शैक्षिक वा आन्तरिक पक्ष, बाह्य वा भौतिक पक्षमा आवरण पृष्ठ, अक्षर आकार र ठाउँ छोडाइ, बँधाइ र छपाइ, कागजको स्तर, मूल्य र सुलभता पर्दछन् भने शैक्षिक वा आन्तरिक पक्ष अन्तर्गत विधा र विषयवस्तु, शब्दभण्डार र भाषा संरचना, नमुना अभ्यास र चित्रको सङ्क्षिप्त रुपमा विश्लेषण तथा वर्णन गर्ने प्रयास गरिएको छ ।

### भाषा पाठ्यपुस्तकको बाह्य आधारमा अध्ययन विश्लेषण

### आवरण पृष्ठ

कक्षा दशको २०५५ को भाषा पाठ्यपुस्तकमा हरियो पृष्ठभूमिमा सेता र निलो रङ्गको समुचित सन्तुलन भएको देखिन्छ । सेता अक्षरमा कक्षा र निलोले दश छापिएको छ । गाढा निलो र हल्का निलो रङ्गमा नेपाली लेखिएको छ । हरियो पृष्ठभूमिमा निलो हिमाल र बिचमा सेतो गोलाकारभित्र पशुपतिनाथको दृश्य संयोजन गरी आवरण पृष्ठ टार्जन राईले डिजाइन गरेका छन् । पुस्तकलाई भद्धा बनाउने विज्ञापन र अन्य कुराहरू राखिएको छैन । आवरण पृष्ठ हेर्दा आर्कषक र बलियो कागजले बनेको देखिन्छ । पछाडिपट्टिको आवरण पृष्ठमा कक्षा दशको कक्षागत गीत नीलो अक्षरमा छापिएको छ । यस पृष्ठमा प्रकाशन र मुद्रक संस्थाको पूरा ठेगाना प्रस्तुत गरिएको छ । यस पुस्तकलाई अझ राम्रो बनाउनको लागि आवरण पृष्ठमा लेमिनेसन गरिएको कागज प्रयोग गरेको भएहुन्थ्यो ।

### अक्षर आकार र ठाउँ छोडाइ

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराल प्राथमिक तहका भन्दा केही साना र केही कम दुरीका माध्यमिक तहमा हुनुपर्छ । यसरी अक्षर चिनारीका लागि १२० पोइन्टका अक्षर उपयुक्त हुन्छन् भने सामान्य पठनपाठनका लागि कक्षा १ मा ६० पोइन्ट, कक्षा २ मा २४-३६ पोइन्ट, कक्षा ३ मा १६ देखि २० पोइन्ट र माथिका कक्षाहरूमा १४ देखि १६ पोइन्टका अक्षर हुनु आवश्यक हुन्छ । (ढकाल, २०६५) । पाठ्यपुस्तकमा तल माथि र दायाँ बायाँ किनारा छोडाइले पनि पुस्तकको गुणस्तर निर्धारण गर्दछ । पुस्तकको तल्लो भागमा आधादेखि एक इन्चसम्म, माथिल्लो भागमा डेढ इन्चसम्म छोड्नु राम्रो हुन्छ भने अनुच्छेदको माथिल्लो पङ्ति १/४ छोडेर लेख्दा राम्रो हुन्छ । (ढकाल, २०६५) । यस कक्षा १० को नेपाली पाठ्यपुस्तकमा १२ देखि २४ पोइन्टसम्मका अक्षरहरू छापिएका छन । १२ पोइन्टका अक्षर छापिनु यस पुस्तकको कमजोर पक्ष हो । अनुच्छेद आदिमा भएको ठाउँ छोडाइ सहज र स्वभाविक देखिदैन् ।

**बँधाइ र छपाइ**

यस पाठ्यपुस्तकको बँधाइ छिटै पाना उप्किने र खल्बलिएर असरल्ल हुने गरी कमजोर गरी बाँधिएको छ। पुस्तकको छपाइमा गुणस्तरीय कागजको प्रयोग भएको छैन् । छपाइमा जनक शिक्षा सामग्री केन्द्रको प्राविधिक कमजोरी छ। सानो फन्टमा पुस्तक छापिएको छ। बँधाइ स्टिच नभएर बलियो धागोको सिलाई हुनु बेश हुन्थ्यो । छपाइमा चिल्लो कागजको प्रयोग हुनुपर्छ र १४ देखि १६ पोइन्टका अक्षर हुनुपर्छ ।

**कागजको स्तर**

कागजको स्तरले पाठ्यपुस्तकको स्तर निर्धारण गर्दछ । त्यसैले माध्यमिक तहको भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज सेतो, बाक्लो, सफा र चिप्लो ६० ग्रामभन्दा माथिको कागज प्रयोग गर्न उचित हुन्छ । यस कक्षा १० को भित्री पृष्ठको कागजमा ४८ ग्रामको कागज प्रयोग भएको छ । त्यसैले कागजको गुणस्तर कमजोर छ ।

**मूल्य**

यस पाठ्यपुस्तकमा छपाइ कागजको स्तर आदिमा भएको लगानी कटौती गरी मूल्य कम गरेको छ। यस पुस्तकको मूल्य रु.३८/५० पैसा मात्र छ ।

**सुलभता**

देशका सम्पूर्ण क्षेत्रमा यथा समयमा पाठ्यपुस्तक पुऱ्याउने जिम्मा जनक शिक्षा सामग्री केन्द्रले गरेको छ । दुर्गम क्षेत्रमा यथा समयमा पाठ्यपुस्तक पुग्न नसकेको गुनासो छ ।

**भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा अध्ययन विश्लेषण**

**विधा र विषयवस्तु**

प्रस्तुत कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा विधा र विषयवस्तुको छनौट गर्ने क्रममा पाठ्यक्रममा निर्दिष्ट गरेका विधाहरू कविता, कथा, निबन्ध/प्रबन्ध, रूपक, जीवनी, चिठी र भाषातत्त्व पाठ्यपुस्तकमा पनि समावेश गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकमा कविता विधा अन्तर्गत 'इच्छा' र 'सहिदहरूको सम्झनामा' रहेका छन् । कथा विधा अन्तर्गत 'भविष्य निर्माण', 'न्यायको पक्ष' गरी दुई पाठ राखिएका छन् । प्रबन्ध विधा अन्तर्गत ' यन्त्रमानव', 'मिथिला चित्रकला', र 'मौरीपालन' राखिएका छन् । त्यस्तै जीवनी विधा अन्तर्गत 'जयपृथ्वीबहादुर सिंह', चार्स डार्बिन', 'इमानसिंह चेम्जोङ' र 'नेल्सन मन्डेला' समाविष्ट छन् । रूपक विधा अन्तर्गत 'काम खोज्दै जाँदा' (मनोवाद), भाग्यभन्दा परिश्रम ठूलो (वादविवाद) र अपाङ्गहरूप्रति हाम्रो दायित्व (वक्तृत्व) राखिएको छ। चिठी विधा एउटा छ। भाषातत्त्व अन्तर्गत कारक र विभक्ति, पदयोग र पद वियोग, अव्यय, क्रियापद, वाक्य निर्माण, करण र अकरण, चिन्ह प्रयोग, वाक्यका प्रकार, वाच्य परिवर्तन, वर्णविन्यास, शब्दभण्डार, तथा उखानटुक्का रहेका छन् ।

**शब्दभण्डार र भाषा संरचना**

प्रस्तुत पाठ्यपुस्तकले शब्दभण्डारको नियन्त्रण गर्न सकेको देखिँदैन । कविता, निबन्ध, जीवनी लगायतका पाठमा अत्यधिक नवीन शब्दहरू छन् तर तिनको पुनः प्रयोगमा ध्यान दिएको छैन् । कक्षा दशको नेपाली विषयमा सबै भन्दा सानो वाक्य 'भविष्य निर्माण' कथाको सातौं अनुच्छेदमा रहेको 'जर्मनहरूले' हो भने

सबैभन्दा लामो वाक्य नेल्सन मन्डेला जीवनीको सातौं अनुच्छेदको नवौँ वाक्य 'रङ्गभेदी स्वेत सरकारले अश्वेतहरूलाई चिढ्याएर आफ्नो सरकार लामो समयसम्म टिक्न नसक्ने महसुस गरी सरकारलाई टिकाउने उद्देश्यले भए पनि कालाहरूमाथि गरिएको दमनलाई कमगरी उनीहरूलाई केही सुविधाहरू पनि दिन थाल्यो, तर मण्डेलाको रिहाइको माग भने चारैतिरबाट आउन रोकिएन ।' भन्ने छ । यस वाक्यमा ३७ शब्दहरू छन् । यस पाठ्यपुस्तकमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग भएको छ ।

**नमुना अभ्यास र चित्र**

भाषा पाठ्यपुस्तकमा जे-जस्ता पाठ्यवस्तुहरूको संयोजन र सङ्गठन गरिएको छ, सबै अभ्यासात्मक क्रियाकलापले उच्च भूमिका राखेका छन् । प्रत्येक पाठका अन्त्यमा एक वाक्यमा उत्तर आउने, अति सङ्क्षिप्त उत्तर दिने प्रश्न र विवेचनात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भावस्पष्ट पार, उच्चारण, अर्थ वाक्यमा प्रयोग साथै पाठको सार लेख्ने, सिर्जनात्मक अभ्यास, सस्वर वाचन, स्वतन्त्र रचना (पाठसँग सम्बन्धित श्रुतिलेखन बुँदा टिपोट)का अभ्यासहरू दिइएका छन् । भाषातत्त्व (व्याकरण) अन्तर्गत नाम, कारक र विभक्ति, पदयोग र पदवियोग, अव्यय, क्रियापद, करण र अकरण, वाक्य परिवर्तन, वाच्य परिवर्तन, चिन्ह प्रयोग, वर्णविन्यास, शब्दभण्डार, उखानटुक्का, तथा नमुना अभ्यास रहेका छन् ।

यस पाठ्यपुस्तकमा जम्मा १५ वटा पाठहरू संयोजन गरिएको छन् । कथ्यलाई वहन गर्ने उद्देश्यले प्रत्येक पाठमा चित्रहरू राखिएका छन् ।

**कक्षा दशको २०५५ को भाषा पाठ्यपुस्तकको सबल र दुर्वल पक्ष**

**सबल पक्ष**

२०५५ को अनिवार्य नेपाली भाषा पाठ्यपुस्तक सरल भाषामा लेखिएको छ । यसको मूल्य कम छ । भाषिक सिप (सुनाइ, बोलाइ, लेखाइ र पढाइ) संग सम्बन्धित उद्देश्यहरू राखिएका छन् । सिर्जनात्मक अभ्यास बढाउने खालका नमुना अभ्यास छन् । प्रत्येक पाठको अभ्यासमा भाषातत्त्व समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा वाक्यहरू लामा छन् साथै शिक्षण प्रक्रिया समावेश गरिएको छ । कठिन शब्दहरूको अर्थ पाठमा दिइएको छ । लेखाइ सिपको विकास गर्न स्वतन्त्र किसिमका सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । प्रत्येक पाठमा आवश्यकताअनुसार विषयवस्तु झल्काउने किसिमको चित्रहरू राखिएका छन् । आवरण पृष्ठको सजावट राम्रै छ । पाठ्यक्रममा विभिन्न विधाका आधारमा अलग-अलग अङ्क वितरण गरिएको छ ।

**दुर्बल पक्ष**

२०५५ को नेपाली भाषा पाठ्यपुस्तकको मूल्य कम भए तापनि प्रयोग गरिएको कागजको गुणस्तर राम्रो छैन । यस पाठ्यपुस्तकमा सुनाइ र बोलाइ जस्ता भाषिक सिपका उद्देश्यहरू अलग-अलग दिइएका छैनन् । नयाँ थप शब्दहरूको ज्ञान गराउने किसिमका शब्दकोश प्रयोग गर्ने नमुना अभ्यास राखिएका छैनन् । पाठमा एक देखि ३७ शब्दसम्मका वाक्य प्रयोग भएका छन, जुन माध्यमिक तहका विद्यार्थीहरूका लागि उपयुक्त हुँदैन् । शिक्षण प्रक्रियाको उल्लेख गरिएको भए तापनि शिक्षण विधिको छुट्टै उल्लेख गरिएको छैन । विधा शिक्षण गर्दा कुन कुन विधि अपनाएर शिक्षण गर्ने भन्ने उल्लेख भएको पाइँदैन् । प्रस्तुतीकरणमा सरल र जटिलको शिक्षणीय क्रमको अवलम्बन गर्न सकेको छैन । शिक्षक विद्यार्थी निर्देशनको अभाव छ । चार भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ,

लेखाइ) मध्ये लेखाइ सिपलाई मात्र जोड दिइएको छ। प्रत्येक पाठमा चित्रहरू राखिए पनि स्पष्ट र रङ्गीन चित्रहरू छैनन् । पाठ्यपुस्तकको आवरण पृष्ठ हेर्नमा स्तरहीन देखिन्छ ।

## निचोड

पाठ्यपुस्तकको अध्ययन विश्लेषणबाट भाषिक सिप विकास सम्बन्धी सुनाइ बोलाइ, पढाइ र लेखाइ सिपहरू पाठ्यक्रमको उद्देश्यलाई आधार मानी तयार गरिएको छ । यी सिपहरूको विकास गराउनको लागि प्रत्येक पाठको अन्त्यमा व्याख्या गर्ने, विश्लेषण गर्ने, लेखाइ सिपलाई बढी प्राथमिकता दिएर स्वतन्त्र सिर्जनात्मक अभ्यास बढाउने खालका नमुना अभ्यासहरू राखिएका छन् । यसका साथै प्रत्येक पाठका अन्त्यमा भाषातत्त्व समावेश गरिएको छ, जसले गर्दा विद्यार्थीहरूलाई व्याकरण भाषा पाठ्यपुस्तक विधिकै आधारमा सिकाउन सकिन्छ। यस पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षअनुसार आवरण पृष्ठ, अक्षर र छपाइ, कागजको स्तर, मूल्य, विधा र विषयवस्तु, शब्दभण्डार र भाषा संरचना नमुना अभ्यास र चित्र आदि रहेका छन् । यी पक्षहरूका आधारमा तयार गरिएको छ तापनि पाठ्यपुस्तकको आवरण पृष्ठ लेमिनेसन नगरिएको हुँदा पाठ्यपुस्तक हेर्नमा स्तरहीन देखिन्छ। प्रत्येक पाठमा चित्रहरू राखिएता पनि स्पष्ट र रङ्गीन चित्रहरू छैनन् । यस पाठ्यपुस्तकको मूल्य कम भए तापनि प्रयोग गरिएको कागजको गुणस्तर राम्रो छैन । नयाँ थप शब्दहरूको ज्ञान गराउने किसिमका शब्दकोश प्रयोग गर्ने नमुना अभ्यास राखिएका छैनन् । यस पाठ्यपुस्तकमा विषयवस्तुको संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक बनाउनका लागि समयानुकुलको विषयवस्तुमा जोड दिनुपर्ने देखिन्छ। पाठ्यपुस्तकमा भएका पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्रा घटाइ स्तर अनुकुलको बोध र अभिव्यक्ति एवम् सिर्जनात्मक क्षमताको विकास गराउनु पर्ने किसिमको पाठ्यपुस्तक निर्माण गर्नु वाञ्छनीय देखिन्छ ।

विधाको क्षेत्रगत अङ्क विभाजनमा एकरुपता हुनुपर्दछ । प्रत्येक पाठका लागि उपयोगी र आवश्यक सामग्रीहरू र विभिन्न शिक्षण विधिको साथै शिक्षण प्रक्रिया पनि उल्लेख गरिनुपर्छ। निरन्तर मूल्याङ्कन गरिनुपर्छ र मूल्याङ्कनको लागि यथोचित अङ्कभारको व्यवस्था गरिनुपर्छ। पाठमा प्रयोग भएका चित्रहरू स्पष्ट दृश्य र पाठलाई चित्रण गर्ने सम्भव भएसम्म रङ्गीन चित्रहरू प्रयोग गरिएको हुनुपर्छ। भाषा पाठ्यवस्तु र सामग्रीहरू रोचक ज्ञानवर्धक र क्रियाकलापमुखी सबै वर्गसमुदायको हार्दिकता झल्काउने बाल मनोविज्ञानमा आधारित हुनुपर्छ । यस्ता समय सान्दर्भिक सबैका लागि विश्वसनीय पाठ्यपुस्तक निर्माण भएमा शिक्षाको राष्ट्रिय उद्देश्यका साथै पाठ्यक्रमका उद्देश्यहरू परिपूर्ति गरी शिक्षा क्षेत्रमा आमूलपरिवर्तन हुन सम्भव छ। यसरी भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणको समीक्षाबाट सिर्जना भएको नयाँ ज्ञानलाई आधार मानिएको छ। यी विषयहरूलाई उठान गरी समय सान्दर्भिक छन् वा छैनन् भनी मौजुदा तयार पारिएको छ। यसै क्रममा कक्षा दशको पाठ्यक्रमसँग कतिको तालमेल भएको छ वा छैन भनी तथ्यपरक ढंगबाट प्राप्त सुझावहरूलाई एकिकृत गरिएको छ। त्यहा भएका अपूरा व्याख्यानलाई पूर्णता दिने गरी नेपाली साहित्यमा पाठ्यक्रमको ज्ञानलाई थप योगदान गर्ने गरी यो अनुसन्धानमूलक लेख आएको छ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज (२०६५) । नेपाली भाषाशिक्षण । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

के.सी. राजु, (२०७५) । कक्षा ९ र १० को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण । काठमाडौँः अप्रकाशित एम.एड. शोधपत्र, महेन्द्र रत्न क्याम्पस ।

कोइराला दृष्टि, (२०५९) । कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन । काठमाडौँः अप्रकाशित एम.एड. शोधपत्र, त्रिभुवन विश्व विद्यालय ।

गौतम, रामप्रसाद र कोइराला, बन्धु खेम (२०६५) । अनुसन्धान विधि । काठमाडौँः दीक्षान्त प्रकाशन, कीर्तिपुर

ढकाल, शान्ति प्रसाद (२०६६) । नेपाली भाषा शिक्षण परिचय र प्रयोग । काठमाडौँः शुभकामना प्रकाशन

पाठ्यक्रम विकास केन्द (२०५५) । नेपाली किताब कक्षा १० । भक्तपुरः सानोठिमी ।

पाठ्यक्रम विकास केन्द (२०५५) । माध्यमिक तहको नेपाली पाठ्यक्रम । भक्तपुरः सानोठिमी ।

बन्धु, चुडामणि (२०५२) । नेपाली भाषाको उत्पति पाँचौ संस्करण । ललितपुरः साझा प्रकाशन ।

इन्साइक्लोपेडिया अफ एजुकेसन इन साउथ एसिया, २००१ । गुगलः बुक्सगुगल डट कम डट एनपी ।

नेपालका शिक्षा आयोगका प्रतिवेदन (२०७१) । काठमाडौँः मकालु प्रशासन गृह ।

शिक्षा नियमावली, २०५९ (परिमार्जित सहित) ।

राष्ट्रिय जनगणना, (२०६८) । केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोग ।